## प्रेश बिज्ञप्ति

### बिषयः- समाचारको खण्डन बारे

उपरोक्त बिषयमा यही मिति २०७७/०३/२३ मा "दिनेश खबर डट कम" अनलाईनमा यस मन्त्रायबाट गत आ.ब. २०७५/०७६ मा सहकारी संस्थाहरुलाई आय आर्जन कार्यक्रम संचालनको लागि दिइएको अनुदानमा अनियमितता भएको भनि लेखिएको समाचार प्रति यस मन्त्रालयको गम्भिर ध्यान आकर्षण भएको छ।

उक्त समाचारमा उल्लेखित बिषय-बस्तुहरुको अध्ययन गर्दा सम्बन्धित पत्रकार महोदयले कार्यक्रम बारे राम्ररी अध्ययन नै नगरी तथा सम्बन्धित पक्षहरुसंग सोधपुछ नै नगरी समाजमा भ्रम श्रृजना गराउने तथा सहकारी संस्थाहरु र यस मन्त्रालयलाई समेत बदनाम गर्ने मनसाय राखेको देखिन्छ, किनकि उक्त समाचारमा ४ वटा बाखा पाल्नेलाई ७.५ लाख (सात लाख पचास हजार) अनुदान दिएको भनी भ्रमपूर्ण शब्द उल्लेख गरिएको छ, जसबाट एउटा व्यक्तिलाई अनुदान दिइएको भन्ने बुझिन्छ। तर वास्तविकता के हो भने मन्त्रालयद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रम र दिएको अनुदान एउटा व्यक्तिलाई नभई सहकारी संस्थालाई हो ।सहकारी सम्बन्धी जानकारी राख्ने सबैलाई थाहा छकि एउटा सहकारी संस्थामा कम्तीमा पनि ३० जना कृषकहरु सदस्य हुन्छन, त्यसैले एउटा सहकारी संस्थामा आवद्ध धेरै भन्दा धेरै कृषकहरुलाई लाभ पुऱ्याउने कार्यक्रमको उदेश्य हो। सोही बमोजिम सुदूरपश्चिम प्रदेश सरकारद्वारा स्वीकृत "आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि,२०७५" मा उल्लेखित प्रावधानहरु अनुसार सबै प्रक्रियाहरु पूरा गरी विधि सम्मत ढंगबाट छनौट भएका सहकारी संस्थाहरुलाई मात्र उक्त आय आर्जनको कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराइएको हो।अनुदान दिंदा मन्त्रालयका कर्मचारी आफै सबै सम्बन्धित स्थानको कार्यक्रमको अनुगमनका लागि पुग्न सम्भव नहुने हुँदा सम्बन्धित स्थानीय तह र मन्त्रालय मातहतका निकायको सिफारिसका आधारमा मात्र अनुदान सहयोग दिइएको हो।

सहकारी संस्थाहरु आफै पनि कानुन बमोजिम स्वनियममा बस्नु पर्ने संस्थाहरु भएकोले तिनीहरुले नियम अनुसार अनुदान रकम संस्थामा रेकर्ड राख्नु पर्ने, सार्वजनिक सुनुवाई गर्नुपर्ने तथा लेखापरीक्षण गराई बार्षिक साधारण सभाबाट सबै आम्दानी र खर्च अनुमोदन गराउनु पर्ने हुँदा सहकारी संस्थाहरु मार्फत गरिने कार्यक्रममा अनुदानको दुरुपयोग हुने सम्भावना रहदैन ।अतः यस्ता भ्रामक समाचार प्रकाशन र प्रशारण गरी राज्यको जिम्मेवार अंगहरुलाई बदनाम गर्ने फोहोरी खेलमा नलाग्न तथा घटना बारे प्रर्याप्त जानकारी लिएर स्थलगत अध्ययन पछि मात्र सत्य तथ्य समाचार लेख्न यो मन्त्रालय सम्बन्धित मिडिया हाउस र पत्रकारहरुलाई अनुरोध गर्न चाहन्छ। साथै उक्त प्रकाशित समाचारमा बिना कुनै आधार र प्रमाण अनुदान नपाएकाहरुले मन्त्रालयका कर्मचारीहरु द्वारा घुस मांगेको भन्ने कपोत कल्पित बिषय उठान गरेकोमा समेत मन्त्रालय त्यस समाचार प्रति पनि दुख व्यक्त गर्दै खण्डन गर्दछ।

प्रवक्ता

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली

२०७७/३/२४